**स्थानीय पाठ्यक्रम**

**हाम्रो अमरगढी**

**परिचयः**

स्थानीय पाठ्यक्रम शैक्षिक विकेन्द्रीकरणको एउटा महत्त्वपूर्ण पक्ष हो । यो शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने एउटा महत्त्वपूर्ण साधन पनि हो। केन्द्रीय स्तरबाट विकसित पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पुरा हुन नसक्ने भएकाले विविध स्थानीय आवश्यकताहरू सम्बोधन गर्न स्थानीय पाठ्यक्रम आवश्यक हुन्छ । केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुलाई समेट्न, पाठ्यक्रमलाई समसामयिक, सान्दर्भीक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूप बनाउन पनि स्थानीय पाठ्यक्रम आवश्यक हुन्छ।

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरेको छ। जस अन्तर्गत नेपालमा बसवबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख छ । संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको रुपमा सूचीकृत गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा व्यवस्था भएको गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११.(२)ज मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीपर प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख छ। नेपालको विद्यालय शिक्षामा हाल कार्यान्वयनमा रहेको केन्द्रीय पाठ्यक्रममा पनि कक्षा १- ५ मा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रमको व्यवस्था छ। शैक्षिक सत्र २०७७ देखि देशैभर लागू गर्ने गरी स्वीकृत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा आधारभूत तहका कक्षाहरुमा १०० पूर्णाङ्क स्थानीय पाठ्यक्रमका लागि छुट्याइएको छ र स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा सहजीकरणका लागि स्थानीय तहको भूमिकाको अपेक्षा गरिएको छ।

प्रस्तुत सन्दर्भमा अमरगढी नगरपालिकाको विशिष्ट स्थानीय पहिचानलाई उजागर गर्न यहाँका स्रोत, सम्पदा, सभ्यता, संस्कार, संस्कृति, ऐतिहासिकता, मौलिकता, प्रविधि प्रति परिचित भइ सो प्रति सकारात्मक रहँदै तिनको संरक्षण र सम्बर्द्धनप्रति अभिप्रेरित नागरिक तयार गर्ने अभिप्राय सहित आधारभूत तहको कक्षा १ देखि ५सम्मको १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रमका रुपमा 'हाम्रोअमरगढी' तयार गरिएको हो।

**तहगत सक्षमताः**

यस स्थानीय पाठ्यक्रमले आघारभूत तह (कक्षा १-५) का विद्यार्थीहरुमा निम्न सक्षमताहरु हासिल हुने अपेक्षा गरिएको छ ।

१. आफू र आफ्नो परिवारको परिचय दिन ।

२. व्यक्ति परिवार र समुदाय बिचको अन्तर सम्बन्ध बुझ्न ।

३. आ-आफ्नो समुदायको बनावट र संरचना बताउन ।

४. अमरगढी नगर क्षेत्रका प्रचलित चाडपर्व र संस्कार संस्कृतिको पहिचान गरी तिनिहरु प्रति सकारात्मक सोचको निर्माण गर्न ।

५. असल सामाजिक मूल्यमान्यता र आदरसत्कारका तौरतरिकाको अनुशरण गरी व्यवहारमा लागु गर्न ।

६. आफ्नो समुदाय र अमरगढी नगरपालिकाको भौगोलिक अवस्थाको विवरण दिन ।

७. अमरगढी नगरपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरु बारे जानकारी प्राप्त गर्न ।

८. नगर क्षेत्रभित्र रहेका सम्पदाहरु प्रति गर्व गर्दै तिनको संरक्षण र सम्वर्धन तर्फ उन्मुख हुन ।

९. अमरगढी नगरपालिका क्षेत्र भित्र रहेका परम्परागत पेशा, व्यवसाय र प्रविधिहरुको पहिचान र सूचीकृत गर्न ।

१०. अमरगढी नगरपालिका क्षेत्र भित्र रहेका परम्परागत पेशा, व्यवसाय र प्रविधिहरुको संरक्षण र सर्म्बधनका उपायहरु अवलम्बन गर्न ।

११. हाम्रा स्थानीय कला तथा कलात्मक वस्तुहरुको पहिचान गर्दै यसको महत्व बताउन,

१२. स्थानीय खेलका बारेमा परिचित भई सामान्य नियम पालना गरी निर्देशन र निर्देशन विना खेल खेल्न ।

**स्थानीय पाठ्यक्रम कक्षा १-५ का सिकाइ उपलब्धि**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. म र मेरो परिवार | • आफ्नो परिचय दिन<br>• आफ्नो परिवारमा बोलिने नातागत शब्दहरु वताउन<br>• आफ्नो सामानको पहिचान गर्न | • आफू र आफ्नो परिवारका सदस्यको परिचय ( नाता, नाम, उमेर र ठेगाना) वताउन<br>• आफ्नो परिवारका सदस्यहरुको पेशा वताउन<br>• आफ्नो सामानको जतन गर्न | • आफ्नो र परिवारका सदस्यको नाता सम्वन्ध बताउन<br>• आफ्ना परिवारको पृष्ठभुमि वताउन<br>• आफ्नो सामानको उचित प्रयोग र सुरक्षा गर्न | • परिवारका सदस्य र नातेदारहरु एउटै ठाउँमा जमघट हुने अवसर वताउन<br>• आफ्नो परिवारलाई सहयोग गर्न<br>• आफ्नो व्यक्तिगत सरसफाई | • आफू र आफ्नो परिवारको विवरण तयार गर्न<br>• आफ्नो सामान र परिवारको सामानको उचित प्रयोग तथा सुरक्षा गर्न<br>• घर भित्र र वाहिरको सरसफाई गर्न |
| २. हाम्रो समुदाय | १. आफ्नो गाउँ टोलको नाम ठेगाना बताउन ।<br>२. आफ्नो गाउँका महत्वपूर्ण व्यक्तिहरुको नाम बताउन ।<br>३. गाउँमा मिलेर गरिने कार्यहरु बताउन । | १.गाउँ/टोलको परिचय दिन ।<br>२. गाउँमा बसोबास गर्ने जातजातिहरुको नाम बताउन<br>३. गाउँमा रहेका महत्वपूर्ण व्यक्तिहरुको नाम बताउन । | १. गाउँ/टोलमा हुने विभिन्न कार्यहरुमा सहभागी हुने तरिका बताउन ।<br>२. आफ्नो गाउँ/टोलमा रहेका सामाजिक संघसंस्थाहरुको नाम बताउन ।<br>३. गाउँ/टोलमा रहेका मुख्य सामजिक समस्याहरुको सूची बनाउन | १. समुदायमा रहेका जातजातिको बनोट र संरचना बताउन ।<br>२.आफ्नो समुदायका मुख्य मुख्य संस्थाहरुका कामहरु बताउन ।<br>३. समाजिक समस्याहरु उत्पन्न हुने कारणहरु बताउन । | १. समाजका सामाजिक तथा असमाजिक कार्य वीचको भिन्नता छुट्टयाउन ।<br>२.समुदायिक विकासमा सामाजिक संस्थाहरुले खेलेको भूमिका उल्लेख गर्न ।<br>३. समाजिक समस्या सामाधानका उपायहरु बताउन । |
| ३. हाम्रो संस्कृति र सभ्यता | • आफ्नो परिवारमा मनाइने चाडपर्वका नाम वताउन | • आफ्नो गाउँमा मनाइने चाडपर्वहरु को सूची बनाउन । | • समय/ऋतु अनुसारका चाडपर्वको सूची बनाउन | • चाडपर्वमा गरिने क्रियाकलापहरु र तिनको महत्व बताउन | • आफ्नो समुदाय / समाजमा मनाइने चाडपर्वहरु हरुमा पाइने भिन्नता बताउन |
| | • आफ्नो परिवारमा मनाइने चाडपर्वमा बनाइने परिकारहरुका नाम वताउन | • आफ्नो गाउँ टोलका चाडपर्व अनुसार पकाइने परिकारहरुको सूची बनाउन । | • आफ्नो चाडपर्वमा खाइने परिकारहरू बनाउन आवश्यक सामानहरुको सुची बनाउन | • स्थानीय चाडपर्वमा पकाइने परिकार बनाउने तरिका र महत्व बताउन | • स्थानीय चाडपर्वमा पकाइने परिकारहरुको महत्व बताउन<br>• स्थानीय चाडपर्वमा पकाइने परिकार बनाउने अभ्यास गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | ● आफ्ना परिवारमा चाडपर्वमा लगाईने पोशाकको नाम बताउन | ● आफ्नो गाउँ टोलमा चाडपर्वमा लगाईने पोशाकको नाम भन्न । | ● आफ्ना छरछिमेक/समुदायमा मनाइने चाडपर्वहरूमा लगाइने पोशाकहरुको सूची बनाउन | चाडपर्वमा लगाइने भेषभूषाको सामान्य वर्णन गरी महत्व बताउन | ● भेषभूषाको संरक्षण गर्दाका फाइदा बताउन |
| | ● सामान्य रुपमा अभिवादन गर्न | ● अभिवादन सत्कार गर्ने तरिका अभिनय सहित गरेर देखाउन/बताउन | ● अभिवादन सत्कार गर्नुको महत्व बताउन | सहयोगी संस्कारहरुको सूची वनाउन | |
| ४. हाम्रो भूगोल | घर र विद्यालय वरिपरिको जमीनको स्वरुप बताउन | आफ्नो टोलको धरातलीय स्वरुपको परिचय सहित विशेषता बताउन | आफ्नो विद्यालयको धरातलीय अवस्था र दिशास्थितिको विवरण दिन | आफ्नो वडाको धरातलीय अवस्था र हावापानीको अवस्था वर्णन गर्न | अमरगढी नगरपालिकाको धरातलीय स्वरुप तथा हावापानीका विशेषता बताउन |
| | घर र विद्यालय वरपरका विभिन्न वस्तुका आकृति / नक्सा छाप्ने अभ्यास गर्न | आफ्नो घर र विद्यालय वरपरको बाटो, खेलमैदान, नदी/खोलाको नक्सा कोर्ने अभ्यास गर्न | आफ्नो घरदेखि विद्यालयसम्मको बाटोको नक्सा र टोलको नक्सा कोर्न | अमरगढी नगरपालिकाको नक्सामा आफ्नो वडा देखाउन र त्यहाँ भएका संकेतको अर्थ बताउन | नगरपालिकाको नक्सा कोर्ने अभ्यास गर्न र नक्सामा विभिन्न संकेतहरु प्रयोग गर्न |
| | घर र विद्यालय वरिपरी रहेका रुख, विरुवा, खोला, ताल र नदीका नाम बताउन | - आफ्नो गाउँ टोल र विद्यालय नजिक रहेका वन र खानेपानी मूल, खानी आदि का नामहरु बताउन<br>- प्राकृतिक स्रोतको परिचय दिन ।<br>- गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरुको सूची बनाउन | - आफ्नो वडाक्षेत्र भित्रका प्राकृतिक स्रोतहरुको पहिचान गर्न<br>- वडाक्षेत्र भित्रका प्राकृतिक स्रोतहरुको फाइदा बताउन | - नगरक्षेत्र भित्र रहेका प्राकृतिक स्रोतहरुको पहिचान गर्न<br>- प्राकृतिक स्रोतको संरक्षणमा देखा परेका समस्याहरुको सूची बनाउन<br>- नगरक्षेत्रका प्राकृतिक स्रोत संरक्षणका उपायहरु बताउन | - नगरक्षेत्रका प्राकृतिक स्रोतहरुको महत्व बनाउन<br>- प्राकृतिक सोतहरुको संरक्षणमा देखा परेका चुनौतिको सूची बनाउन<br>- नगरक्षेत्र भित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षणमा आफ्नो भूमिका बताउन |
| ५. हाम्रा सम्पदाहरु | १.स्थानीय स्तरमा रहेका बिभिन्न सम्पदाहरुको नाम बताउन | १. आफ्नो गाउँटोलमा रहेका बिभिन्न सम्पदाहरुको सामान्य परिचय सहित सूची बनाउन<br>२.सहश्रलिङ्ग धुराको सामान्य परिचय दिन | १. अमरगढी नगर क्षेत्र भित्र रहेका बिभिन्न सम्पदाहरुको परिचय बताउन<br>२.अमरगढी नगरपालिका भित्रका सम्पदाहरुको सूची बनाई वर्गीकरण गर्न<br>३. रावलतोली गुफाको सामान्य परिचय दिन | १.प्राकृतिक, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाहरुको महत्व बताउन ।<br>२.नगरभित्र रहेका सम्पदाहरुको बारेमा प्रस्तुतिकरण गर्न | ● अमरगढीका ऐतिहासिक, प्राकृतिक, पुरातात्कि तथा धार्मिक सम्पदाहरुको बर्णन गर्न<br>● सम्पदाहरुको संरक्षण एवम् सम्बर्द्धनका उपाय बताउन<br>● सम्पदाहरुको संरक्षण एवम् सम्बर्द्धन प्रति अभिमुख हुन<br>● अमरगढी किल्लाको परिचय र महत्व बताउन |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. हाम्रो पेशा व्यवसाय र प्रविधि | • आफनो घरपरिवारमा गरिने कामहरुको नाम भन्न<br>• घरायसी काममा प्रयोग हुने साम्रग्रीहरुको नाम बताउन | • पेशा व्यवसायको सामान्य परिचय दिन<br>• आफनो परिवारका सदस्यहरूले गर्ने मुख्य-मुख्य पेशा व्यवसायको सूची तयार गर्न<br>• आफनो समुदाय वरपर भएका पेशा व्यवसायहरुको नाम बताउन | • स्थानीय पेशा, व्यवसाय र प्रविधिको परिचय दिन<br>• समुदायले अबलम्वन गरेका पेशा व्यवसायहरुको नाम भन्न<br>• हाम्रो दैनिक जिवनमा आवश्यक पर्ने स्थानीय प्रविधिहरुको सूची तयार गर्न | • परम्परागत पेशा, व्यवसाय, र प्रविधिको परिचय र महत्व बताउन<br>• आफनो वडा स्तरमा भएका स्थानीय पेशा , व्यवसाय र प्रविधिका फाईदाहरुको सूची तयार गर्न<br>• आफुलाई मनपर्ने पेशा, व्यवसायको बारेमा सामान्य बर्णन गर्न<br>• योगको सामान्य परिचय सहित अभ्यास गर्न | • परम्परागत पेशा , व्यवसाय र प्रविधिका बारेमा सूची तयार गरी महत्व बताउन<br>• अमरगढी नगरपालिका स्तरमा भएका परम्परागत पेशा व्यवसायको वर्गीकरण गर्न<br>• परम्परागत पेशा , व्यवसाय र प्रविधिको संरक्षण र सर्म्बधनका उपायहरु बताउन<br>• आफुलाई मनपर्ने पेशा, व्यवसाय र प्रविधिको बारेमा ब्याख्या गर्न<br>• परम्परागत उपचार पद्धतिका बारेमा जानकारी लिन<br>• योगको सामान्य परिचय सहित अभ्यास गर्न |
| ७. स्थानीय कला र खेल | • घर र विद्यालयमा भएका दृश्य चित्रहरु चिन्न ।<br>• पेन्सिल, चक आदिको प्रयोग गरी विभिन्न मोटा, मसिना, बाङ्गा, टिङ्गा रेखाहरु कोर्न ।<br>• नगर गान समूहमा लय मिलाई गाउने अभ्यास गर्न<br>• गाउँ घरमा गाइने तथा पाठ्यपुस्तकमा भएका स्थानीय गीतसंगै समूहमा गाउन र नृत्य गर्न<br>• स्थानीय | • मन पर्ने विषयमा चित्र बनाउन ।<br>• सिधा, बाङ्गा् तथा ठाडा रेखाहरूको प्रयोगबाट मन पर्ने वस्तुहरूको रेखाचित्र बनाउन ।<br>• नगर गान समूहमा लय मिलाई गाउन<br>• स्थानीय गीतमा लयबद्ध ताली बजाउन, समूहमा गाउन र साधारण नृत्य गर्न ।<br>• स्थानीय स्तरमा खेलिने खेलका नाम तथा सामान्य नियम बताउन र निर्देशित खेलहरु खेल्न । | • मन पर्ने विषयमा चित्र बनाउन र उपयुक्त रङ भर्न ।<br>• सिसाकलमको प्रयोग गरी विभिन्न स्थानीय कला झल्किने वस्तुहरुको चित्र निर्माण गर्न ।<br>• नगर गान एकल र समूहमा लय मिलाई गाउन<br>• स्थानीय गीतहरूलाई समूहमा गाउन, ताल मिलाई समूहमा साधारण नृत्य गर्न ।<br>• स्थानीय खेलको साधारण परिचय, सामान्य नियम बताउन र निर्देशन विना खेल खेल्न । | • स्थानीय कलाको परिचय र महत्व बताउन ।<br>• कागज र सिन्का प्रयोग गरी विभिन्न स्थानीय कला झल्किने वस्तुहरुको चित्र निर्माण गर्न ।<br>• स्थानीय एकल तथा सामूहिक गीत गाउन तथा ताल र भाव मिलाई नृत्य गर्न ।<br>• स्थानीय बाजाका नामहरुको सूची बनाउन ।<br>• स्थानीय खेलको परिचय र फाइदा बताउन तथा निर्देशन बिना खेल खेल्न । | • स्थानीय कलाको परिचय, महत्व तथा फाइदा बताउन ।<br>• स्थानीय कला झल्किने काल्पनिक वस्तुहरुको चित्र निर्माण गर्न ।<br>• स्थानीय एकल तथा सामूहिक गीत गाउन र ताल र हाउभाउ मिलाई नृत्य गर्न<br>• स्थानीय बाजाका नाम तथा तिनको प्रयोग बताउन ।<br>• स्थानीय खेलको परिचय र महत्व बताउन तथा निर्देशन बिना खेल खेल्न र खेलाउन । |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्तरमा खेलिने खेलका नाम बताउन र सामान्य अभ्यास गर्न । | | | | |

**सिकाइ उपलब्धीको विस्तृतीकरण**

**कक्षा १**

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | सम्भावित मुल्याङकन प्रक्रिया | अनुमानित घण्टा | सम्भावित पाठ्यसामग्री |
|---|---|---|---|---|---|---|---|
| १. म र मेरो परिवार | आफ्नो परिचय दिन | मेरो परिचय | शिक्षकले उपयुक्त अभिवादन सहित आफ्नो नाम ठेगाना सहितको परिचय दिने । बिद्यार्थीलाई पालै पालो परिचय दिन अभ्यास गराउने । | | -तपाईको नाम के हो? तपाईको गाउँटोलको नाम के हो ? | | |
| | परिवारमा बोलिने नातागत शब्द बताउन । | मेरो परिवार | -तपाईको घरमा को-को हुनुहुन्छ ? सवै लाई पालै पालो सोध्ने ।- परिवारका सदस्यको नाता बुझाउने चित्र देखाई छलफल गर्ने । ( आमा, बुवा, बाजे, बज्यै, काका, काकी, दाई , भाउजु, दिदि, भाई, वहिनी, आदि र स्थानीय नाताका शब्दहरु) | परिवारका सदस्यको नातागत सम्बन्ध पहिचान हुने चित्र | -तपाईको परिवारमा को को हुनुहुन्छ ? | | पारिवारिक कथा |
| | आफ्नो सामानको पहिचान गर्न । | - मेरा सामानहरु | - विद्यार्थीलाई उनीहरु संग भएका कुन-कुन सामाग्री छन, सोध्ने ? (झोलामा भएका सामग्री, कोठामा भएका सामग्री, घरमा भएका सामग्री) -व्यक्तिगत सामग्रीका चित्र देखाई आफूले प्रयोग गर्ने सामानको | - बालबालिकाले प्रयोग गर्ने बिभिन्न सामग्रीकाचित्रहरु (कापी, कलम, ब्रुश, मंजन, झोला, जुत्ता, आदि) | -तपाईले प्रयोग गर्ने कुनै चारवटा सामानको नाम भन्नुहोस् । | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिचान गर्न लगाउने । | | | | |
| २. हाम्रो समुदाय | १. आफ्नो गाउँ टोलको नाम ठेगाना बताउन । | • मेरो गाउँ टोल | • सबै विद्यार्थीहरुलाई क्रमशः आ-आफ्नो गाउँ टोलको नाम, वडा नम्बर र न.पा सोध्ने, र शिक्षकले आवश्यक सहयोग गर्ने । | अमरगढी न.पा.को नक्शा, | १. तपाइको गाउँ टोलको नाम के हो ?<br>२. तपाई कुन वडामा बस्नुहुन्छ ?<br>३. तपाइको नगरपालिकाको नाम के हो ? | | |
| | २. आफ्नो गाउँ /टोलका महत्वपूर्ण व्यक्तिहरुको नाम बताउन । | • स्थानीय समाजसेवीहरु | • गाउँ घरमा विभिन्न सामुदायिक क्षेत्र (शिक्षा, स्वास्थ्य, कृषि, साँसकृतिक, आदि) मा सहयोग गर्न अग्रसर व्यक्तिहरुको नाम सोध्ने र उनीहरुले पुऱ्याएको योगदान बारे कक्षामा छलफल गर्ने । | विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको फोटो, | - तपाइको गाउँ टोलमा विभिन्न काम गर्ने व्यक्तिहरुको नाम भन्नुहोस् । ( पढाउने, खेती गर्ने, नोकरी गर्ने आदिको नाम) | | |
| | ३. गाउँमा मिलेर गरिने कार्यहरु बताउन । | • सामाजिक कामहरु | • कक्षाकोठाको सामुहिक सरसफाइको योजना बनाई सबैलाई समाबेश गर्ने।<br>• सामूहिक रुपमा मिलेर काम गरिरहेका चित्र तथा भिडियो देखाई छलफल गर्ने । | –सार्वजनिक स्थल सरसफाई गरिरहको चित्रहरु<br>–सामुदायिक कार्यहरुमा सहभागि भएका चित्र , भिडियोहरु | १. सबै मिलेर गरिने कार्यहरु के के हुन ?<br>२। तपाइ समूहमा मिलेर के के काम गर्न सक्नु हुन्छ ? | | |
| ३. हाम्रो संस्कृत र सभ्यता | –आफ्नो परिवारमा मनाइने चाडपर्वका नाम, पकाइने परिकार र लगाइने भेषभूशाका नाम वताउन | – हाम्रा चाडपर्वहरु | – तपाईंआफ्नो गाउँ घरमा के के चाडपर्वहरु मनाउनु हुन्छ भनेर सबैलाई पालैपालो सोध्ने र आएको उत्तरलाई टिप्दै जाने ।<br>– परिवारमा मनाइने चाडपर्वका नामहरुको सूची प्रस्तुत गर्दै कक्षामा छलफल गर्ने । | | –विभिन्न स्थानीय चाडपर्व मनाइरहेका चित्रहरू<br>– स्थानीय चाडपर्वमा पकाइने विभिन्न परिकारहरुको सूचीको चार्ट | – तपाइँ आफ्नो घरमा के के चाडपर्वहरु मनाउनु हुन्छ ?<br>–आफ्ना चाडपर्वमा पकाइने मुख्य कुनै ३ परिकारहरुको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | – स्थानीय चाडपर्वमा पकाइने परिकारहरु बारे कक्षामा छलफल गर्ने र चित्रको माध्यमबाट थप प्रस्तुत गर्ने<br>– स्थानीय चाडपर्वमा लगाइने पोशाक बारे चित्र  प्रदर्शन गर्दै कक्षामा छलफल गर्ने । | –स्थानीय चाडपर्वमा लगाइने विभिन्न पोशाकको चित्र | नाम भन्नुहोस् ।<br>–चाडपर्वमा लगाईने पोशाकका को नाम भन्नुहोस् । | |
| | सामान्य अभिवादन गर्न | स्थानीय अभिवादन | – शिक्षकले आफू अभिनय गरेर देखाउने, त्यसपछि विद्यार्थीहरु नमस्कार/ढोगका अभिनय गर्न लगाउने । | –नमस्कार/ढोग गरिएका विभिन्न अवस्थाका चित्र/तस्विर | –ढोगगर्न लगाई सो अभिनय राम्ररी गरे नगरेको अवलोकन गर्ने । | |
| ४. हाम्रो भूगोल | घर र विद्यालय वरिपरिको जमिनको स्वरुपको अवस्था बताउन | मेरो घर र विद्यालय वरपरको जमिन | - हरेक विद्यार्थीलाई आफ्नो घर ठेगाना बताउन लगाउने<br>- विद्यार्थीलाई आफ्नो घर वरपरको जमिनको स्वरुप बताउन लगाउने (जस्तै : उकालो, ओरालो, समथर, खाल्डाखुल्डी, भिरपाखो, खोच आदि)<br>- विद्यार्थीहरुलाई विद्यालय वरपरको जमिनको अवलोकन गराई स्थिति बताउन लगाउने<br>- विद्यालय सेवाक्षेत्र भित्रका गाउँ टोलको फोटो / चित्र देखाउदै विद्यार्थीहरुलाई घर र विद्यालय वरपर रहेको धरातलीय स्वरुपको समग्र अवस्था बताउने । | - विद्यालय सेवाक्षेत्र भित्रका गाउँटोलको फोटो/चित्र | - तिम्रो घर वरपर कस्तो जमिन छ बताऊ ?<br>- आफ्नो विद्यालय वरपरको जमिनको स्वरुप बताऊ ? | |
| | घर र विद्यालय वरपरका विभिन्न वस्तुका आकृति / नक्सा छाप्ने अभ्यास गर्न | नक्सा छपाइ कार्य | - नक्साका लागि आवश्यक आकारहरु :<br>□○–∪⊃⊂\|\(●⌒ .....<br>आदि छाप्ने अभ्यास गराउने ।<br>- विद्यार्थीहरुलाई विभिन्न वस्तु ( घर, बेन्च, घडी आदि) को आकृति छाप्न लगाउने ।<br>- छापिएका आकृति/ नक्सा प्रदर्शन गर्न लगाउने । | - घर, बेन्च, घडीको डट रेखा.....बाट बनेका आकृतिहरु | - आकृति वा नक्सा छाप्ने अभ्यासको अवलोकन गर्ने | |
| | घर र विद्यालय वरिपरि रहेका रुख, विरुवा, खोला, ताल र नदीका नाम बताउन | हाम्रा प्राकृतिक स्रोतहरु | - विद्यालय वरपर अवलोकन गर्न लगाई आफुले देखेका कुराहरु कक्षाकोठामा भन्न लगाउने ।<br>- विद्यार्थीहरुलाई आफ्नो घर नजिक भएका रुख, नदि आदिको नाम बताउन लगाउने ।<br>- घर र विद्यालय वरपर रुख विरुवा, खोला, नदि आदि भएको चित्र देखाइ चिन्न लगाउने | - विद्यालय र वरपरको वतावरणको फोटो,<br>- विभिन्न नदि, खोला, रुख का चित्रहरु | -तपाईको घर नजिक भएका रुख हरुका नाम भन्नुहोस् ।<br>- हाम्रो विद्यालय नजिकै के छ, नदि कि ताल ?नाम समेत बताउनुहोस् । | |
| ५. हाम्रा सम्पदा | गाउँ / टोलमा रहेका प्राकृतिक ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरुको सामान्य परिचय सहित नाम भन्न । | • हाम्रो वरपरका सम्पदाहरु | • आफ्नो परिबेशमा  देखेका खोलानाला, बनजङ्गल, मठ मन्दिर, ताल चाडपर्बहरुको नाम भन्न लगाउने<br>• शिक्षकले सम्पदाको चित्र भएका पोस्टरहरु प्रदर्शन गरी सम्पदाको परिचय बारे प्रष्ट | सम्पदाको चित्र भएका पोस्टरहरु | तपाइको टोल/ गाउँमा भएका कुनै २ ओटा सम्पदाको नाम भन्नुहोस | घण्टि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पार्ने । | | | |
| ६. हाम्रो पेशा व्यवसाय र प्रविधि | • आफनो घरपरिवारमा गरिने कामहरुको नाम भन्न | • घरपरिवारमा गरिने कामहरु | • आफनो परिवारले गर्ने मुख्य कामहरुको नाम भन्न लगाउने<br>• एक अर्का विद्यार्थी विच आ आफ्ना घरपरिवारका सदस्यले के काम गर्छन भनी सोध्न लगाउने<br>• विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोष्टरहरु प्रदर्शन गरी छलफल गर्ने | • विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोष्टरहरु | • तपाईको परिवारका सदस्यले गर्ने कुनै २ ओटा कामहरु भन्नुहोस । | १५ |
| | • घरायसी काममा प्रयोग हुने सामग्रीहरुको नाम बताउन | • घरायसी सामग्रीहरु | • आफना घर परिवारमा प्रयोग हुने साम्रग्रीहरुका वारेमा छलफल गर्न लगाई शिक्षकले टिपोट गर्ने<br>• घरायसी काममा प्रयोग हुने विभिन्न साम्रग्रीहरुको चित्र तथा वास्तविक साम्रग्री बारे छलफल गराउने | • घरायसी काममा प्रयोग हुने विभिन्न साम्रग्रीहरुको चित्र तथा वास्तविक साम्रग्री | • तपाईको परिवारका सदस्यले ले आः आफनो काममा प्रयोग गर्ने सामग्रीहरुका कुनै ३ वटा नाम भन्नुहोस् । | |
| ७. हाम्रो स्थानीय कला र खेल | • घर र विद्यालयमा भएका दृश्य चित्रहरु चिन्न । | • दृश्य चित्रहरु | • घर र विद्यालयमा देखेका विभिन्न चित्रहरुका नाम भन्न लगाउने ।<br>• घर र विद्यालयमा भएका बस्तुहरुको चित्र निर्माण तथा प्रदर्शन गरी तिनको नाम भन्न लगाउने । | • विभिन्न नमुना चित्रहरु | • प्रश्न गर्ने । जस्तै : यो के को चित्र हो ? | |
| | • पेन्सिल, चक आदिको प्रयोग गरी विभिन्न मोटा, मसिना, बाङ्गा, टिङ्गा रेखाहरु कोर्न । | • मोटा, मसिना, बाङ्गा, टिङ्गा रेखाहरु | • पेन्सिल, चक आदिको प्रयोग गरी विभिन्न मोटा, मसिना, बाङ्गा, टिङ्गा रेखाहरु कोर्न लगाउने । | | • अवलोकन गर्ने । | |
| | • नगर गान समूहमा लय मिलाई गाउन | • नगर गान | • शिक्षकले नगर गान आफू गाउने र समूहमा लय मिलाई गाउन लगाउने । | | • अवलोकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • गाउँ घरमा गाइने तथा पाठ्यपुस्तकमा भएका स्थानीय गीतसंगै समूहमा गाउन र नृत्य गर्न । | • स्थानीय गीतहरु | • गाउँ घरमा गाइने गीत पाठ्यपुस्तकमा भएका स्थानीय गीत शिक्षकले गाउने र विद्यार्थीहरुलाई समूहमा गाउन तथा नृत्य गर्न लगाउने । | | • समूहमा गाउन र नाच्न लगाउने । • अवलोकन गर्ने । | |
| | • स्थानीय स्तरमा खेलिने खेलका नाम बताउन र सामान्य अभ्यास गर्न । | • स्थानीय खेलहरु | • विद्यार्थीहरुलाई स्थानीय स्तरमा खेलिने खेलका नाम बताउन लगाउने, छलफल गर्ने र सामान्य अभ्यास गराउने । • (रुमाल चोर, तातो आलु आदि) | रुमाल, बल आदि | • गाउँ घरमा खेलिने खेलका नाम भन । • अवलोकन गर्ने । | |

**कक्षा २**

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | सम्भावित मुल्याङकन प्रक्रिया | अनुमानित घण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो परिवार | आफू र आफ्नो परिवारका सदस्यको परिचय (नाता, नाम, उमेर र ठेगाना ) बताउन | - म र मेरो परिवार | -आफू र आफनो परिवारको सदस्यको नाता, नाम र उमेर पालै पालो भन्न लगाउने । - परिवारको चित्र देखाई छलफल गर्ने । | परिवारको चित्र | -तपाईको नाम र उमेर बताउनुहोस् । -तपाईको आमा कति वर्षको हुनु भयो ? तपाइको बुबाको नाम के हो ? | |
| | आफ्नो परिवारका सदस्यहरुको काम बताउन | हाम्रो काम | -विद्यार्थीहरुलाई उनिहरुले गर्ने कामको वारेमा प्रश्नोत्तर गर्ने ( आफ्नो काम :पढ्ने, लेख्ने, विद्यालय जाने, खेल्ने आदि) । - विद्यार्थीहरुका परिवारका सदस्यहरुले गर्ने कामहरु वारेमा छलफल गर्ने आफ्नो काम :पढ्ने, लेख्ने, विद्यालय जाने, खेल्ने आदि) । -विभिन्न काम गरिरहेका चित्र हरु देखाई छलफल गर्ने | -विभिन्न काम गरिरहेका चित्र आदि | - तपाइको नाम र ठेगाना बताउनुहोस् । -तपाई के -के काम गर्नुहुन्छ ? -तपाईको वुवा आमाले के काम गर्नुहुन्छ? आदि प्रश्न गर्ने । | |
| | आफ्नो सामानको जतन गर्न | मेरा सामानहरु | -आफ्नो व्यक्तिगत सामाग्रीको जतन कसरी गर्नुहुन्छ पालै -पालो भन्न लगाउने | सामानको जतन गरिरहेको चित्र वा भिडियो | -तपाई आफ्नो कापी किताबको जतन कसरी गर्नु हुन्छ ? -तपाई जुत्ता चप्पलको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ।<br>- आफ्नो सामानको जतन गरिरहेको चित्र वा भिडियो देखाई छलफल गर्ने । | | सरसफाई कसरी गर्नुहुन्छ ? | |
| २. हाम्रो समुदाय | १.गाउँ/टोलको परिचय दिन । | • हाम्रो गाउँ र टोल | • शिक्षकले गाउँ र टोलको परिचय दिने<br>• विद्यार्थीलाई आफ्नो र आफ्नो साथीको गाउँ टोलको नाम भन्न लगाउने । | | १. तपाईको गाउँ टोलको नाम बताउनुहोस् ।<br>२. तपाइको साथीको नाम र गाउँको नाम भन्नुहोस् ? | |
| | २. गाउँमा बसोबास गर्ने जातजातिहरुको नाम बताउन | • स्थानीय जातजाति | • कक्षामा रहेका विद्यार्थीहरुको जातिगत विवरण (थर ) सोधी बोर्डमा लेख्ने ।<br>विवरणको आधारमा समुदायमा रहेका जातजातिको जानकारी दिने । | १. कक्षामा विद्यार्थीको जातिगत सूची<br>२.समुदायको जातिगत विवरण | १. तपाइको कक्षामा कुन कुन जातजाती ( थर)का विद्यार्थीहरु छन ?<br>२. तपाइको गाउँमा कुन कुन थरका मानिसहरु बस्छन् ? | |
| | ३. गाउँमा रहेका महत्वपूर्ण व्यक्तिहरुको नाम बताउन । | • स्थानीय समाजसेवीहरु | • समुदायमा विभिन्न कार्यमा सहयोग गर्न अग्रसर व्यक्तिहरुको नाम सोध्ने र सो मा सहयोग गर्ने । | • समुदायका शिक्षा स्वास्थ्य, तथा अन्य क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुको विवरण । | • गाउँ विभिन्न समयमा सहयोग पुर्‍याउने व्यक्तिको नाम बताउनुहोस् । | |
| ३. हाम्रो संस्कृति र सभ्यता | • आफ्नो गाउँघरमा मनाइने चाडपर्वहरु को सूची बनाउन । | हाम्रा चाडपर्व, परिकार र भेषभूषा | तपाईको गाउँमा के के चाडपर्वहरु मनाइन्छन भनेर सबैलाई पालैपालो सोध्ने र विभिन्न चाडपर्व मनाइदै गरेका चित्रहरु तथा भिडियो देखाइ कक्षामा छलफल गर्ने । | • स्थानीय चाडपर्वका चित्रहरू भिडियो) | • तपाइँको गाउँ छिमेकमा के के चाडपर्वहरु मनाइन्छन् ? | |
| | • आफ्ना गाउँ टोलका चाडपर्व अनुसार पकाइने परिकारहरुको सूची बताउन । | | स्थानीय चाडपर्व अनुसार पकाइने परिकारहरु बारे सोध्ने ।<br>फ्ल्यास कार्ड प्रदर्शन गरी पालैपालो पढ्न लगाइ छलफल गर्ने । | आफ्ना चाडपर्व अनुसार पकाइने परिकारहरु उल्लेख भएको फ्ल्यास कार्ड / सूची/ चित्र | • आफ्ना चाडपर्वमा बनाइने मुख्य परिकारहरुको चित्र देखाई चिन्न लगाउने । | |
| | आफ्नो गाउँ टोलमा चाडपर्वमा लगाईने पोशाकको नाम भन्न । | | • आफ्ना गाउँघरका चाडपर्वमा लगाइने पोशाकहरुको वारेमा समुह | स्थानीय चाडपर्वमा लगाइने पोशाक / गहनाको चित्र | चाडपर्व अनुसार लगाईने पोशाकका नाम भन्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छलफल गराउने<br>● गाउँघरका चाडपर्वमा लगाइने पोशाकको उदाहरणहरुको सूची संकलन गरी प्रस्तुत गर्ने र थप प्रष्ट पार्नका लागि शिक्षक संग भएका स्थानीय चाडपर्वमा लगाइने पोशाक तथा त्यसको चित्र प्रर्दशन गर्ने<br>● विभिन्न स्थानीय चाडपर्वको अवलोकन गर्न लगाउने । | | | |
| | अभिवादन गर्ने तरिका अभिनय सहित गर्न | अभिवादन/ सत्कार | विद्यार्थीहरुलाई एकआपसमा नमस्कार/ढोगका अभिनय गर्न लगाउने । | | ढोग गर्ने तरिकाको अभिनयको अवलोकन गर्ने । | |
| ४. हाम्रो भूगोल | आफ्नो टोलको धरातलीय स्वरुपको परिचय सहित विशेषता बताउन | हाम्रो टोलको धरातलीय स्वरुप | - गाउँटोलको धरातलीय स्वरुप झल्किने भिडियो देखाउने ।<br>- गाउँ टोल अनुसार विद्यार्थीहरुको समूह बनाउने ।<br>- प्रत्यक समूहलाई आफ्नो टोलको धरातलीय अवस्था (डाँडा, खोला, भिरपाखो, उकालो, ओरालो आदि) भन्न लगाउने ।<br>- गाउँ टोलको फोटो/चित्र देखाउदै विद्यार्थीहरुलाई गाउँटोल वरपर रहेको धरातलीय स्वरुपको समग्र अवस्था बताउने । | - गाउँटोलको धरातलीय स्वरुप झल्किने भिडियो<br>- गाउँ टोलको फोटो/चित्र | आफ्नो टोलको अग्लो ठाउँ, होचो ठाउँ, खोल्सा आदिको नाम भन्नुहोस् । | |
| | आफ्नो घर र विद्यालय वरपरको बाटो, खेलमैदान, नदि/खोलाको नक्सा कोर्ने अभ्यास गर्न | नक्सा अभ्यास कार्य | - कक्षाकोठा भित्र र बाहिर रहेका विभिन्न वस्तु तथा आकारको अवलोकन गराउने जस्तै : सेतोपाटी, टेबल, बेन्च, घडी, घर, रुख, बाटो, | - घडी, घर, बाटो, नदी आदिका आकृति (Sketch) हरु | बाटो, नदि, खेलमैदान आदिको आकृति नक्सा कोरेको अवलोकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खेलमैदान आदि ।<br>- घडी, घर, बाटो, नदीका आकृति ९क्पभतअज० हरु देखाउने ।<br>- शिक्षकले अवलोकित वस्तुको आकृति कोरी प्रस्तुत गर्ने ।<br>- विद्यार्थीलाई अवलोकित वस्तुको आकृति कोर्ने अभ्यास गराउने । | | | |
| | - आफ्नो गाउँ टोल र विद्यालय नजिक रहेका वन र खानेपानी मूल, खानी का नामहरु बताउन<br>- प्राकृतिक स्रोतको परिचय दिन ।<br>- गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरुको सूची बनाउन | हाम्रा प्राकृतिक स्रोतहरु | - गाउँटोल र विद्यालय नजिक आफुले देखेका विभिन्न वस्तुहरुको नाम भन्न लगाउने र शिक्षकले टिपोट गर्ने<br>- टिपिएका वस्तुहरु मध्ये कुन आफै बनेका र कुन मानिसले बनाएका हुन भन्ने बारेमा छलफल गराई शिक्षकले प्राकृतिक स्रोतको धारणा प्रष्ट पारी दिने<br>- आफ्नो गाउँटोल र विद्यालय नजिक रेहका विभिन्न प्राकृतिक स्रोतहरुको सूची बनाउन लगाउने । | | - आफ्नो गाउँटोल नजिकै रहेको वनजङ्गलको नाम बताउनुहोस् ।<br>- प्राकृतिक स्रोत भनेको के हो ?<br>- आफूले देखेका प्राकृतिक स्रोतहरुको सूची बनाउनुहोस् | |
| ५. हाम्रा सम्पदा | गाउँ / टोलमा रहेका सम्पदाहरुको नाम लेख्न सहश्रलिङ्ग धुराको सामान्य परिचय दिन | हाम्रा सम्पदाहरु | ● आफ्नो वरपर देखेका खोलानाला, बनजङ्गल,मठ मन्दिर ,ताल चाडपर्बहरु आदिको नामको बारेमा छलफल गर्न लगाइ सूची बनाउन लगाउने<br>● विद्यार्थीहरुको छलफलबाट आएका नाम सहित थप नामहरु सहितको सूची शिक्षकले प्रदर्शन गरी प्रष्ट पार्ने ।<br>● स्थानीय परिबेशमा रहेका बिभिन्न सम्पदाहरु भएको | स्थानीय परिबेशमा रहेका बिभिन्न सम्पदाहरु भएको पोस्टर तथा भिडियोहरु | - तपाइको वरपर भएका कुनै ५ ओटा सम्पदाहरुको नाम लेख्नुहोस ।<br>- सहश्रलिङ्ग धुराको परिचय दिनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पोस्टर तथा भिडियोहरु प्रदर्शन गर्ने ।<br>● सहश्रलिङ्ग धुराको परिचयबारे जानकारी दिई छलफल गर्ने । | | | |
| ६. हाम्रो पेशा व्यवसाय र प्रविधि | ● पेशा व्यवसायको सामान्य परिचय दिन | ● हाम्रा पेशा व्यवसाय | ● तपाईको घरपरिवारमा कसले के के काम गर्छन भनी विद्यार्थी हरुलाई पालै पालो सोधी बोर्डमा टिप्ने<br>● विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोष्टरहरुको छलफल गराउने | ● विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोष्टरहरु | तपाईको परिवारका सदस्यहरुले गर्ने कुनै २ ओटा पेशा व्यवसायको नाम भन्नुहोस् । | |
| | ● आफनो परिवारका सदस्यहरूले गर्ने मुख्य-मुख्य पेशा र व्यवसायको सुची तयार गर्न | मेरो परिवार र पेशा | ● आफनो परिवारका सदस्यहरूले गर्ने मुख्य-मुख्य पेशा व्यवसायको हरुकको नाम टिप्न लगाउने<br>● विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोष्टरहरुको छलफल गराउने | ● विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोष्टरहरु | ● आफनो परिवारका सदस्यहरूले गर्ने मुख्य-मुख्य पेशा व्यवसायको सूची तयार गनुहोर्स<br>● कक्षामा आफनो कुनै १ साथीको परिवारका सदस्यहरुको पेशा र व्यवसाय सोधेर सूची तयार गर्नहोस्। | |
| | आफनो समुदाय वरपर भएका पेशा व्यवसायहरुको नाम बताउन | समुदायका पेशा व्यवसायहरु | ● विद्यार्थीहरुलाई आःआफनो गाउँ टोलमा वरपर भएका पेशा व्यवसायहरुको नाम बताउन लगाई शिक्षकले टिपोट गर्ने<br>● आःआफनो गाउँ टोलमा वरपर भएका पेशा व्यवसायहरुको नाम समुहमा छुट्याउन लगाउने<br>● विभिन्न पेशा व्यवसाय झल्किने चित्र, पोस्टर तथा भिडियोहरु शिक्षकले प्रर्दशन | ● विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोस्टरहरु<br>● विभिन्न पेशा व्यवसाय झल्किने भिडियोहरु | ● तपाईको गाउँ टोल वरपर चलनचल्तीमा रहेका पेशा व्यवसायको कुनै ३ वटा सूची तयार गर्नुहोस। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गर्ने | | | |
| ७. हाम्रो स्थानीय कला र खेल | • मन पर्ने विषयमा चित्र बनाउन । | • मन पर्ने विषयका चित्र | • आफूलाई मन पर्ने विषयमा चित्र बनाउन लगाउने र आवश्यक सहजिकरण गर्ने । | • नमुना चित्रहरु | • अवलोकन गर्ने । | |
| | • सिधा, बाङगा् तथा ठाडा रेखाहरूको प्रयोगबाट मन पर्ने वस्तुहरूको रेखाचित्र बनाउन । | • सिधा, बाङगा् तथा ठाडा रेखाहरूको प्रयोगबाट रेखाचित्र | • विभिन्न रेखाको ( सिधा, बाङ्गा, ठाडा) प्रयोगबाट आफूलाई मन पर्ने रेखा चित्रहरु बनाउन लगाउने र आवश्यक सहयोग गर्ने । | • नमुना रेखा चित्रहरु | • अवलोकन गर्ने ।<br>• तिमीले बनाएको रेखाचित्रको नाम भन ? | |
| | • नगर गान समूहमा लय मिलाई गाउन | • नगर गान | • शिक्षकले नगर गान आफू गाउने र समूहमा लय मिलाई गाउन लगाउने । | | • अवलोकन गर्ने | |
| | • स्थानीय गीतमा लयबद्ध ताली बजाउन, समूहमा गाउन र साधारण नृत्य गर्न । | • स्थानीय गीत र नृत्य | • शिक्षकले आफूसंगै स्थानीय गीत लय मिलाएर गाउने र संगै ताली बजाउन लगाउने ।<br>• समूहमा गीत गाउँदै साधारण नृत्य गर्न लगाउने । | • स्थानीय गीत लेखिएको चार्ट श्रव्य दृश्य सामग्री : ( स्थानीय गीत गाइरहेको तथा नृत्य गरिरहेको) | • अवलोकन गर्ने तथा ताली बजाउन लगाउने । | |
| | • स्थानीय स्तरमा खेलिने खेलका नाम तथा सामान्य नियम बताउन र निर्देशित खेलहरु खेल्न । | • स्थानीयखेलहरु | • विद्यार्थीहरुलाई स्थानीय स्तरमा खेलिने खेलका नाम (टिपु, अड्डु आदि) बताउन लगाउने र ती खेलहरु खेल्दा अपनाइने सामान्य नियमका बारेमा छलफल गर्ने ।<br>• शिक्षकको निर्देशनमा ती | • कपडाको बल, ढुङ्गा आदि | • प्रश्न गर्ने । जस्तैः टिपु खेल कसरी खेलिन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खेलहरु खेल्न लगाउने । | | | |

**कक्षा ३**

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | सम्भावित मुल्याङकन प्रक्रिया | अनुमानित घण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो परिवार | आफ्नो र परिवारका सदस्यको नाता सम्वन्ध बताउन | हाम्रो नाता सम्बन्ध | -तपाईको परिवारमा को-को हुनुहुन्छ ? उहाँसंगको नाता पालैपालो भन्न लगाउने ।<br>- परिवार संग जोडिएका नाता सम्वन्ध बारे पालैपालो भन्न लगाउने । (भिनाजु , मामा माइजु , फुपाजु , कैंसी आदि) | पारिवारिक नाता सम्बन्ध जनाउने शब्द चित्र/पोष्टर | -तपाईको बुवाको बुवा संग तपाईको के नाता पर्छ ?<br>- तपाईको आमाको भाइ/दाइ संग तपाईको के नाता पर्छ ? | |
| | आफ्ना परिवारको पृष्ठभुमि वताउन | मेरो पुर्ख्यौली | -आफ्नो पुर्ख्यौली स्थान भौगोलिक बसाई,हालको बसाई, बसाई सर्नुको कारण,बसाई सरेको समय,बसाई सरी आएका पारिवारिक सदस्य र आफ्नो परिवारका सदस्य अन्य ठाउँमा बसोवास बारे पत्ता लगाउने, खोजी गर्ने, छलफल गर्ने, | | -तपाईका वाजे/बज्यैको नाम के हो ?<br>-तपाइको मामा घरका बाजे/बज्यैको नाम के हो ?<br>-तपाईका बड्डा बाजे/बज्यै को नाम के हो ?<br>तपाइको पुर्ख्यौली ठाउँ कहाँ हो ? | |
| | आफ्नो सामानको प्रयोग र सुरक्षा गर्न | सामानको प्रयोग र सुरक्षा | -विद्यार्थीहरुलाई आफ्नो सरसामानको नाम र प्रयोग भन्न लगाउने ।<br>- विभिन्न सामानको सुरक्षा गर्ने तरिका सोध्ने र बोर्डमा टिपोट गर्ने, छलफल गर्ने ।<br>- यस उमेरका बालवालिका ले गर्न सक्ने जिम्मेवारी भएको चित्र प्रस्तुत गरि छलफल गराउने ।<br>- विद्यार्थीका व्यत्तिगत सामानको सुरक्षा गर्ने अभ्यास गराउने । जस्तै : किताव कापीलाई झोलामा राख्न, जुत्ता चप्पल मिलाएर राख्ने आदि । | बालवालिकाले आफ्नो सामानको जतन गरेको दृश्य झल्किने चित्र | -तपाई आफ्नो सामानको जतन गर्ने कुनै दुई वटा तरिका भन्नुहोस् ।<br>-तपाईले गर्ने कुनै चार वटा कामको सूची वनाउनुहोस् ।<br>- सामान सुरक्षा गरेको नमुना अभ्यासको अवलोकन गर्ने । | |
| २. हाम्रो समुदाय | १.गाउँ/टोल हुने विभिन्न सामाजिक कार्यहरुमा सहभागि हुन | सामाजिक कार्यहरु | • सामाजिक कार्यमा सहभागी भइरहेका चित्र तथा भिडियो ( विवाह, उत्सव, मन्दिर निर्माण आदि) | सामुदायिक कार्यमा सहभागि भइरहेको चित्रहरु | १. तपाइको परिवारले सामाजिक कार्यमा कसरी सहभागि भएका छन ?<br>२.तपाइ सहभागी भएको कुनै दुइवटा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रदर्शन गर्ने ।<br>● आ-आफ्नो टोलमा हुने सामाजिक कार्य के के हुन भनि प्रश्न गर्ने<br>● गाउँ टोलमा गरिने सामाजिक कार्यमा तपाई वा तपाईको परिवारका व्यक्तिहरु सहभागी हुन्छन की हुदैन भनि प्रश्न गर्ने तथा सामुदायिक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने । | | सामाजिक कार्य बताउनुहोस् । | |
| | २. आफ्नो गाउँ/टोलमा रहेका सामाजिक संघसंस्थाहरुको नाम बताउन | हाम्रा सामाजिक संघसंस्थाहरु | समुदायमा रहेका शैक्षिक, सामाजिक, धार्मिक,राजनैतिक सस्थाका साथै अन्य समिति तथा क्वलहरुको नाम संकलन गर्न लगाउने तथा चार्टको प्रयाग गरी छलफल गर्ने । | सघसंस्थाहरुको नाम सहितको चार्ट | तपाइको समुदायमा भएका कुनै तीनवटा संघसंस्थाको नाम वताउनुहोस् । | |
| | ३. गाउँ/टोलमा रहेका मुख्य सामाजिक समस्याहरुको सूची बनाउन | समाजिक समस्याहरु | - समुदायमा भएका समस्याहरुको बारेमा समूहगतरुपमा छलफल गर्न<br>- शिक्षकले निर्माण गरेको सूची प्रदर्शन गरी छलफल गर्ने । | समस्याहरुको सूची (जुवा तास, जाँड रक्सी आदि) | तपाईको समुदायमा के के समस्याहरु छन ? | |
| ३. हाम्रो संस्कृति र सभ्यता | समय/ऋतु अनुसारका चाडपर्वको सूची बनाउन | समय /ऋतु अनुसारका चाडपर्वहरु | ● विद्यार्थीहरुलाई तपाईको गाउँ घरमा समय/ऋतु अनुसारका कस्ता कस्ता चाडपर्वहरु आउदछन भनी प्रश्न राखी छलफल गराउने उनीहरुवाट आएको उत्तरलाई टिप्दै जाने<br>● समय/ऋतु अनुसारका चाडपर्वहरुको तालिका प्रस्तुत गर्ने | ऋतुअनुसारका चाडपर्वहरुको तालिका | समय/बसन्तऋतु मा कुन कुन चाडपर्वहरु पर्दछन् ? | |
| | आफ्नो चाडपर्वमा पकाइने परिकार बनाउन आवश्यक सामग्रीहरुको सूची निर्माण गर्न | हाम्रा परिकार | विद्यार्थीहरुको समुह निर्माण गरी आफ्नो समुदाय / समाजमा मनाइने चाडपर्वमा खाइने खानेकुराहरू बारे छलफल गर्ने ।<br>विभिन्न परिकार बनाउन आवश्यक सामग्रीहरुको तालिका प्रसतुत गरी छलफल गर्ने । | विभिन्न परिकार बनाउन आवश्यक सामग्रीहरुको तालिका | माणा पकाउन के के सामाग्री चाहिन्छन् ?.... जस्ता प्रश्न सोध्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय चाडपर्वहरूमा लगाइने भेषभूषाको सूची बनाई सामान्य बर्णन गर्न | हाम्रा भेषभूषा | विद्यार्थीहरुको समुह निर्माण गर्ने, आफ्ना गाउँमा चाडपर्वहरुमा लगाइने भेषभूषालाई चित्रहरूका माध्यमबाट सूची प्रस्तुत गर्न लगाउने ।<br>सूची अनुसारका भेषभूषा बारे सामूहिक छलफल गरी सामान्य वर्णन गर्न लगाउने । | स्थानीय चाडपर्वमा लगाइने भेषभूषाको सूची : गामन, चोलो, पटुको, दौरा सुरुवाल, कल्ली, चाप्की, सुनगेडी, नौगेडी, फुली, मुन्द्री, बाला, तिलहरी, जोडी आदि | स्थानीय चाडपर्वमा लगाईने भेषभूषाका नाम भन्नुहोस् । | |
| | • आदर / सत्कार गर्नुको महत्व बताउन | आदर सत्कार | • विद्यार्थीहरुको समुह निर्माण गरी ढोग/आदर सत्कार बारे छलफल गराउने<br>• विद्यार्थीहरु बिच ढोगको महत्वको चार्ट प्रस्तुत गर्ने | • विद्यार्थीहरु बिच ढोगको महत्व लेखेको चार्ट | • ढोग /आदर सत्कारका कुनै ३ वटा महत्व भन्नुहोस् । | |
| ४. हाम्रो भूगोल | आफ्नो विद्यालयको धरातलीय अवस्था र दिशास्थितिको विवरण दिन | - हाम्रो विद्यालयको धरातलीय अवस्था<br>- हाम्रो विद्यालयको दिशास्थिति | - विद्यालय वरिपरिको धरातलीय वनावटको अवलोकन गराउने<br>- शिक्षकले विद्यालय वरपरको धरातल सहितको चित्र प्रस्तुत गर्ने<br>- अवलोलन गरेको भूभागको अवस्थाको टिपोट गराउने (जस्तै : समथर भूमि, डाँडा, खोल्सा, भिरालो आदि)<br>- आफ्नो विद्यालयको दाँया, बाँया, अगाडी, पछाडी रहेका स्थान/वस्तुको टिपोट गर्न लगाउने ।<br>- टिपोट गरिएका विद्यालयको चारैतिर रहेका (दाँया, बाँया, अगाडी, पछाडी) वस्तु र स्थान कक्षामा प्रस्तुत गर्न लगाउने । | विद्यालयको धरातलीय अवस्था देखिने चित्र | - आफ्नो विद्यालयको वरिपरिको धरातलको बारेमा छोटकरीका बताउन लगाउने ।<br>- विद्यालयको चारैतिरको स्थान र वस्तुहरुको सूची बनाउन लगाउने । | |
| | आफ्नो घरदेखि विद्यालयसम्मको बाटोको नक्सा र टोलको नक्सा कोर्न | नक्सा कार्य | - विद्यार्थीलाई आफ्नो घर देखी विद्यालय सम्म पुग्ने बाटोको अवस्था ( दिशा, दूरी, चौतारो, खोला, मन्दिर, पसल आदि) बताउन लगाउने<br>- शिक्षकले विद्यालय सेवाक्षेत्रको नक्सा प्रदर्शन गरी विद्यार्थीलाई आफ्नो गाउँटोल पहिचान गर्न लगाउने । | विद्यालय सेवाक्षेत्रको नक्सा | समूहकार्यको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | - गाउँटोल अनुसारका विद्यार्थीहरुको समूह बनाइ घरदेखी विद्यालय सम्म आउने बाटोको नक्सा कोर्न अभ्यास गराउने ।<br>- विद्यार्थीहरुलाई आ-आफ्नो टोलको नक्सा कोर्न अभ्यास गराउने । | | | |
| | - आफ्नो वडाक्षेत्र भित्रका प्राकृतिक स्रोतहरुको पहिचान गर्न<br>- वडाक्षेत्र भित्रका प्राकृतिक स्रोतहरुको फाइदा बताउन | हाम्रा प्राकृतिक स्रोतहरु र त्यसबाट हुने फाइदाहरु | - गाउँटोल अनुसार विद्यार्थीको समूह बनाइ टोलहरुमा पाइने प्राकृतिक स्रोतहरु टिपोट गरी प्रस्तुत गर्न लगाउने<br>- वडा भित्र रहेका प्राकृतिक स्रोतहरुको सूची भएको चार्ट प्रदर्शन गर्ने ।<br>- प्राकृतिक स्रोतहरुको नाम र त्यसबाट हुने फाइदाको तालिका निर्माण गर्न लगाउने ।<br>- तयार पारिएको तालिकालाई समूहगत रुपमा प्रस्तुत गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरी धारणा प्रष्ट पार्ने । | वडा भित्र रहेका प्राकृतिक स्रोतहरुको सूची भएको चार्ट | - समूहकार्यको अवलोकन गर्ने ।<br>- वडा भित्र रहेका प्राकृतिक स्रोतहरु र तिनका फाइदा उल्लेख गर्नुहोस् । | |
| ५. हाम्रा सम्पदाहरु | अमरगढी नगरपालिका भित्रका सम्पदाहरुको वर्गीकरण गर्न<br><br>रावलतोली गुफाको सामान्य परिचय दिन | • हाम्रा सम्पदाहरु<br>• रावलतोली गुफा | • सबै प्रकारका सम्पदाहरुको परिचय दिइ वर्गीकरणको लागि समुहमा छलफल गर्न लगाउने<br>• शिक्षकले छुट्टा छुट्टै रुपमा सम्पदाहरुको चित्र तथा भिडियोको माध्यमबाट वर्गीकरण गरि नगरपालिका भित्र रहेका बिभिन्न सम्पदाहरुलाई वर्गीकरण गर्न लगाउने ।<br>• रावलतोली गुफाको परिचय दिई प्रश्नोत्तर गर्ने । | बिभिन्न सम्पदाहरुका चित्र एवँ भिडियोहरु | समुहमा छलफलका अधारमा मुल्याङ्कन गर्ने<br>अमरगढी नगरपालिकाका १/१ वटा प्राकृतिक, धार्मिक, एतिहासिक र पुरातात्विक सम्पदाको नाम बताउनुहोस् ।<br>रावलतोली गुफाको परिचय दिनुहोस् । | |
| ६. हाम्रो पेशा व्यवसाय र प्रविधि | • स्थानीय पेशा, व्यवसाय र प्रविधिको परिचय दिन | • स्थानीय पेशा, व्यवसाय र प्रविधि | • आःआफनो समुदायमा भएका परम्परागत पेशा, व्यवसाय, र प्रविधिको नाम भन्न लगाउने<br>• आएका नामहरु | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मध्येबाट पेशा, व्यवसाय र प्रविधिको अलग अलग समुह निर्माण गरी छलफल गर्न लगाउने<br>● विभिन्न पेशा व्यवसाय झल्किने चित्र तथा पोस्टरहरु हरुको छलफल गराउने | | | |
| | समुदायले अबलम्वन गरेका पेशा व्यवसायहरुको नाम भन्न | ● समुदायले अबलम्वन गरेका पेशा व्यवसायहरु | ● आःआफनो समुदायमा भएका व्यक्तिहरुको पेशा व्यवसायहरुको नाम भन्न लगाउने<br>● विभिन्न पेशा व्यवसाय झल्किने चित्रहरु तथा भिडियोहरु बारे छलफल गराउने | | | |
| | हाम्रो दैनिक जिवनमा आवश्यक पर्ने स्थानीय प्रविधिहरुको सूची तयार गर्न | ● हाम्रो दैनिक जिवनमा आवश्यक पर्ने स्थानीय प्रविधिहरु | ● हाम्रो दैनिक जिवनमा आवश्यक पर्ने स्थानीय प्रविधिहरुको नाम विद्यार्थीलाई भन्न लगाउने<br>● दैनिक जिवनमा आवश्यक पर्ने स्थानीय प्रविधि सम्बन्धि चित्रहरुको छलफल गराउने | | | |
| ७. हाम्रो स्थानीय कला र खेल | ● मन पर्ने विषयमा चित्र बनाउन र उपयुक्त रङ भर्न । | ● चित्र निर्माण र रङ भराई | ● आफूलाई मन पर्ने विषयमा (जस्तै : विद्यालय, चरा, पानी परिरहेको दृश्य आदि ) चित्र बनाउन लगाउने र त्यसमा उपयुक्त रङ भर्न लगाउने तथा शिक्षकले आवश्यक सहयोग गर्ने । | ● विभिन्न चित्रहरु तथा रङहरु | अवलोकन गर्ने । | |
| | ● सिसाकलमको प्रयोग गरी विभिन्न स्थानीय कला झल्किने वस्तुहरुको चित्र निर्माण गर्न । | ● स्थानीय कलाका वस्तुहरुको चित्र निर्माण | ● सिसाकलमको प्रयोग गरी विभिन्न स्थानीय कला झल्किने (मन्दिर, धर्मशाला, हलो, दमाहा, आदि) वस्तुहरुको चित्र निर्माण गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने । | ● नमुना चित्रहरु | ● अवलोकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● नगर गान समूहमा लय मिलाई गाउन | ● नगर गान | ● शिक्षकले नगर गान आफू गाउने र समूहमा लय मिलाई गाउन लगाउने । | | ● अवलोकल गर्ने | |
| | ● स्थानीय गीतहरूलाई समूहमा गाउन, ताल मिलाई समूहमा साधारण नृत्य गर्न । | ● स्थानीय गीत गायन र समूहिक नृत्य | ● शिक्षकसंगै स्थानीय गीतहरु समूहमा गाउन लगाउने ।<br>● स्थानीय गीतहरूमा ताल मिलाई शिक्षकले नृत्य गर्ने र समूह समूहमा नृत्य गर्न लगाउने । | ● मादल<br>● श्रव्य दृश्य सामग्री ( संभव भए सम्म) | ● समूह तथा एकल नृत्य गर्न लगाउने ।<br>● अवलोकन गर्ने । | |
| | ● स्थानीय खेलको साधारण परिचय, सामान्य नियम बताउन र निर्देशन विना खेल खेल्न । | ● स्थानीय खेलको परिचय<br>● सामान्य नियम र निर्देशन विनाका खेल | ● स्थानीय खेल भनेको के हो र कसरी खेलिन्छ ? भनी विद्यार्थीलाई सोध्ने र उनीहरुबाट आएका बुँदाहरुमा छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई सामान्य नियम पालना गरी स्वस्फुर्त रुपमा खेल्न लगाउने । | | ● प्रश्न गर्ने । जस्तैः स्थानीय खेल भनेको के हो ?<br>● अवलोकन गर्ने । | |

**कक्षा ४**

